जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३२४ • २०८३ भदौ २७ गते शनिवार • 12 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# १२ पालिकामा खोप कार्यक्रम सुरु




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ भदौ**

खोप नपाएका बालबालिकासम्म पुग्न सामुदायिक सहभागिता, माग सिर्जना र डिजिटल समाधानहरुको माध्यमद्वारा सामुदायिक संयन्त्र सुदृढिकरण कार्यक्रम मधेशका १२ पालिकामा सुरु भएको छ । जनकपुरधाममा शुक्रबार आयोजित एक कार्यक्रमका बीच मधेश प्रदेशका सभामुख रामअशिष यादवले सो कार्यक्रमको सुरुवात गरेका हुन् । अमेरिकी सरकार र युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशको समन्वयमा लाइफ नेपालले संचालन गरेको कार्यक्रम अन्तर्गत मधेशका १२ पालिकामा खोप नलागेका बालबालिकालाई खोप लगाउने कार्यक्रम गरिने छ ।

राष्ट्रिय खोप रणनीति-२०३० पूरा गर्ने उद्येश्यले धनुषा, महोत्तरी, रौतहट र सर्लाही जिल्लाका १२ पालिकाका खोप नपाएका बालबालिकासम्म पुग्न सामुदायिक सहभागिता, माग सिर्जना र डिजिटल समाधानहरुको माध्यमको उपयोग गर्दै सामुदायिक संयन्त्र सुदृढिकरण कार्यक्रम संचालनमा ल्याएको हो । कार्यक्रमको सुरुवात गर्दै सभामुख यादवले विकसित मुलुकहरु दशकौ अघि पूर्ण खोप भइसक्दा यहाँ अझै पूर्ण खोप हुन बाँकी रहेकोमा चिन्ता व्यक्त गरे । कुनै बालबालिका खोपबाट बञ्चित हुनु नपरोस्, उनले भने-यसका लागि तीनै तहका सरकारले समन्वय गरेर अघि बढ्नुपर्छ । बालबालिकालाई खोप लगाउने कार्यमा सहयोग गरिरहेका गैरसरकारी संस्थालाई पनि तीनै तहका सरकारले सहयोग गर्नुपर्ने धारणा उनको थियो ।

यस्ता कार्यक्रमहरु ल्याएर गैर सरकारी संस्थाहरुले पनि समाज विकासमा टेवा पुर्याइरहेकोले खोप नपाएका बालबालिकाहरुलाई खोप लगाउने कार्यक्रम सफल हुने वातावरण बनाइदिनुपर्नेमा उनले् जोड दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय तहका प्रमुख र उपप्रमुखहरुले खोप कार्यक्रमलाई सफल पार्ने वातावरण बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । धनुषाको जनकपुरधाम उपमहानगरपालिका, धनौजी गाउँपालिका, धनुषाधाम र मिथिला नगरपालिका, महोत्तरीको सम्सी गाउँपालिका, बलबा र लोहारपट्टी नगरपालिका, रौतहटको इशनाथ र राजपुर नगरपालिका, सर्लाहीको कविलाशी र हरिपुर्वा नगरपालिका र रामनगर गाउँपालिकामा सो कार्यक्रम संचालन हुने लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले बताए । आउँदो असोज महिनामा प्रदेशलाई पूर्ण खोप घोषणा गर्ने तयारीमा यो कार्यक्रमले थप सहयोग पुग्ने मधेश प्रदेश सरकारको छ । मधेश प्रदेश सरकारले हालसम्म प्रदेशलाई पूर्ण खोप घोषणा गर्न सकेको छैन् । केही पालिकाहरु बाँकी रहेकाले घोषणा गर्न नसकिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ । कार्यक्रममा स्वास्थ्य निर्देशनालयका लक्ष्मेश्वर झाले मधेश प्रदेशमा खोपको अवस्थाबारे एक प्रस्तुतिकरण गरे । बालबालिका खोपबाट बञ्चित नहोस् र खोपको अधिकतम सदुपयोग हुनुपर्नेमा उनले जोड दिए । यस्तै युनिसेफका बेकी प्रसाईले मधेश प्रदेशमा खोप र स्वास्थ्यको क्षेत्रमा युनिसेफको सहयोग र सहजीकरणबारे प्रस्तुतिकरण गरेकी थिइन् । मधेश प्रदेशमा खोप नलगाएका बालबालिकाको पहिचान तथा संख्या न्युनिकरण गर्न सामुदायिक संलग्नता, माग सिर्जना तथा डिजिटल समाधानको सुदृढिकरण कार्यक्रमबारे लाइफ नेपालका मो. असलम शेखले प्रस्तुतीकरण गरे । लाइफ नेपालका कार्यक्रम निर्देशक लक्ष्मी साहले संचालन गरेकी कार्यक्रममा १२ पालिकाका प्रमुख, उपप्रमुखहरु, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, चारै जिल्लाका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख, युनिसेफ क्षेत्रीय कार्यालय जनकपुरधामका प्रमुख अनिता दहालसहित सरोकारबालाहरुको उपस्थिति रहेको थियो ।




## पहिलो पटक एसइईमा सहभागी नेपाल राष्ट्रिय माविका विद्यार्थी र शिक्षक सम्मानित

**मो. इर्शाद**
**महोत्तरी, २६ भदौ**

एकडारा गाउँपालिका-३ अजमरपट्टीस्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले पहिलोपटक माध्यमिक शिक्षा परीक्षा (क्भ्भ) मा सहभागी भएर उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गरेको भन्दै विद्यार्थी तथा शिक्षक-शिक्षिकालाई सम्मान गरिएको छ। एकडारा गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा शुक्रबार विद्यालय परिसरमा आयोजित कार्यक्रममा क्भ्भ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी तथा उनीहरूको सफलतामा योगदान पुऱ्याउने शिक्षक-शिक्षिकालाई सम्मान गरिएको हो । कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई खादा तथा माला लगाएर सम्मान गर्दै बधाई तथा शुभकामना दिइएको छ ।




विद्यालयका अनुसार पहिलोपटक क्भ्भ परीक्षामा सहभागी भएका कुल ३५ विद्यार्थीमध्ये २८ जना उत्तीर्ण भएका छन्। उत्तीर्ण विद्यार्थीमध्ये चार जनाले ४.० जीपीए प्राप्त गरेका छन्। विद्यालयले प्राप्त गरेको नतिजाका आधारमा एकडारा गाउँपालिकामा प्रथम, महोत्तरी जिल्लामा तृतीय तथा मधेश प्रदेशमा छैटौं स्थान हासिल गर्न सफल भएको जनाएको छ। सीमित स्रोतसाधनका बीच विद्यालयले पहिलोपटक क्भ्भ परीक्षामा प्राप्त गरेको यो उपलब्धिलाई विद्यालय प्रशासनले महत्वपूर्ण शैक्षिक सफलता भनेको छ। विद्यालयका प्रधानाध्यापकका अनुसार पर्याप्त आन्तरिक स्रोतसाधनको अभाव रहे पनि शिक्षकहरूको निरन्तर मेहनत, विद्यार्थीको लगनशीलता, अभिभावकको सहयोग तथा स्थानीय समुदायको सकारात्मक भूमिकाका कारण विद्यालयले उल्लेख्य प्रगति गर्न सफल भएको हो। कार्यक्रममा सहभागीहरूले विद्यालयले हासिल गरेको उपलब्धिको प्रशंसा गर्दै विद्यार्थी तथा शिक्षकलाई बधाई दिएका थिए। सम्मान पाएपछि विद्यार्थीहरूमा थप उत्साह र आत्मविश्वास बढेको तथा आगामी दिनमा अझ राम्रो नतिजा ल्याउने प्रेरणा मिलेको विद्यालयले जनाएको छ। स्थानीयवासी तथा अभिभावकले पनि सीमित स्रोतसाधनका बाबजुद विद्यालयले हासिल गरेको उपलब्धि प्रशंसनीय रहेको बताएका थिए। उनीहरूले विद्यालयको शैक्षिक गुणस्तरलाई अझ उकास्न स्थानीय तह, विद्यालय, शिक्षक, अभिभावक र समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । पहिलोपटक क्भ्भ परीक्षामा सहभागी भएर गाउँपालिका, जिल्ला र प्रदेशस्तरमै उत्कृष्ट नतिजा हासिल गर्न सफल भएपछि अजमरपट्टीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा उत्साह थपिएको छ । विद्यालय प्रशासनले आगामी दिनमा शैक्षिक गुणस्तरलाई अझ सुधार गर्दै प्राप्त उपलब्धिलाई निरन्तरता दिने लक्ष्य लिएको जनाएको छ । सम्मान कार्यक्रममा एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डल, स्वास्थ्य शाखा प्रमुख महेन्द्र मण्डल, वीरेन्द्र मण्डल, शिक्षा शाखाका प्रमुख, शिक्षक-शिक्षिका, विद्यार्थी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।




# –: मधेश :–

हाथ जोड विनती है हमारी
मधेश हमारी है बस्ती जी ।
आपकी जिज्ञासावश हम कहते
मधेश हमारी है प्राणशक्ति जी ।

स्वर्गसे सुन्दर है यह भू
इसे करें हम सदा नमन जी ।
यदि भूलाएं हम इसको तो
ना मिलेगा कहीं सम्मान जी ।

गौत्तम सीता सलहेस बिराटकी
हरित पवित्र विशाल भूखण्ड जी ।
एक भाषा परिवारके हैं हम
मगही मैथिली बोलत पूरब जी ।

बज्जिका भोजपुरी और अवधी
पताका पश्चिम हम फहराते जी ।
हिन्दी हमारी सर्वनिष्ट भाषा है
जानते बोलते हैं जनजन जी ।

पूरब मेची है पश्चिम काली
चीरकाल से निधि हमारी जी ।
ज्ञान पुण्य वीरभूमि यह
मुनियोंका है यह तपोवन जी ।

***कवि : प्रा.बालकेश्वर ठाकुर***

# शहिद संजय चौधरी सहित मधेसको शहिदप्रति श्रद्धासुमन अर्पण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ भदौ**




जनकपुरधामको रौनियार धर्मशालाको सभा हलमा बिहिबार "मधेस अबकी राह" भन्ने विषयका साथ संचालित शहिद संजय चौधरी सहित मधेस आन्दोलनको शहिदहरु प्रति सम्मान तथा श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

मधेस आन्दोलनको वीर शहिद संजय चौधरी लगायतका शहिदहरु प्रति माला,अबिर तथा पुष्प अर्पण गरि कार्यक्रमको शुरुवात गरिएको थियो । साथै सोहि कार्यक्रममा शहिद परिवारका सदस्यहरुलाई समेत दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा हिन्दी भाषा अभियानी तथा समाजसेवी रमन पाण्डे,तमोलोपाको वरिष्ठ नेता डा. विजय सिंह, पूर्व प्रदेश साँसद सुरिता साह,पूर्व जनकपुरधाम उपमहानगरपालिका मेयर लाल किशोर साह,संजय सिंह लगायतका बक्ताहरुले शहिद संजय चौधरी लगायत मधेसका तमाम वीर शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै मधेस र मधेसी दलको वर्तमान अवस्था र व्यथाको बारेमा चर्चा गरेका थियो । कार्यक्रममा उपस्थित सहभागि तथा नेता गणलाई गमछा ओढाएर सम्मान समेत गरिएको थियो । नेता लाल किशोर साह,डा.विजय सिंह तथा जउपमनपा वडा नं. १४ को वडाध्यक्ष पुण्य प्रताप यादव गरी तीन जनालाई मायाको चिनो सहितले विशेष सम्मान गरिएको थियो ।

# १३ दिनदेखि बेपत्ता युवकको शव सेफ्टी टयांकी भित्र टुक्राटुक्रा अवस्थामा फेला

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ भदौ**



महोत्तरीमा १३ दिनदेखि बेपत्ता एक युवकको हत्या गरी शव टुक्राटुक्रा पारेर सेफ्टी ट्यांकीमा लुकाएको अवस्थामा फेला परेको छ।भंगहा नगरपालिका-६ बिर्जौनी टोलका २५ वर्षीय विवेक सरदारको शव बलवा नगरपालिका-७ बनौटाका अशोक ठाकुरको घरको शौचालयको सेफ्टी ट्यांकीभित्र फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार शव टुक्राटुक्रा पारेर सेफ्टी ट्यांकीमा राखिएको र त्यसमाथि सिमेन्ट-बालुवाले पलास्टर गरिएको अवस्थामा भेटिएको हो।विवेक रक्षाबन्धनको दिनदेखि बेपत्ता भएका थिए। परिवारजनले उनको खोजी गर्दै प्रहरीलाई समेत जानकारी गराएका थिए। अनुसन्धानका क्रममा विवेकको अन्तिम मोबाइल लोकेसन घटनास्थल आसपास देखिएको र उनको अन्तिम फोन कल ठाकुरका छोरा दिपेन्द्र ठाकुरकी श्रीमतीको नम्बरमा देखिएको प्रहरी स्रोतले जनाएको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले घरधनी अशोक ठाकुर र उनका छोरा दिपेन्द्र ठाकुरलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो। अनुसन्धानका क्रममा उनीहरूले शव सेफ्टी ट्यांकीमा लुकाएको बताएपछि प्रहरी घटनास्थलमा पुगेर शव बरामद गरेको हो । दिपेन्द्रको ससुराली भंगहा नगरपालिका-७ संग्रामपुरमा पर्छ, जुन विवेकको छिमेकी गाउँ हो। विवेक र दिपेन्द्रकी श्रीमतीबीच चिनजान रहेको बताइएको छ। दिपेन्द्र वैदेशिक रोजगारीमा रहेका थिए र केही दिनअघि मात्रै घर फर्किएको प्रहरीले जनाएको छ ।

प्रहरीले विवेक र दिपेन्द्रकी श्रीमतीबीचको सम्बन्ध तथा फोन सम्पर्कलगायत विषयलाई समेत अनुसन्धानको दायरामा राखेको छ । प्रारम्भिक अनुसन्धानमा फोनमार्फत विवेकलाई घरमा बोलाएर हत्या गरी शव सेफ्टी ट्यांकीमा लुकाइएको हुनसक्ने आशंका गरिएको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: मनमा पछुतो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: पिछडेको साथी मिल्ने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ब्रिक्स २०२६: 'ग्लोबल साउथ' तर्फको सेतु कि विश्वव्यापी सेतु ?




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ भदौ**

आसियान राष्ट्रहरूमध्ये इन्डोनेसिया ब्रिक्सको पूर्ण सदस्य हो भने मलेसिया, थाइल्याण्ड र भियतनाम ब्रिक्सका साझेदार राष्ट्रहरू हुन्। यसले विश्वको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ४० प्रतिशत र विश्व व्यापारको २६ प्रतिशत हिस्सा ओगट्ने यस समूहले प्रदान गर्ने आर्थिक अवसरहरूप्रति बढ्दो चासोलाई दर्साउँछ ।

यद्यपि, ब्रिक्सलाई अझै पनि 'पश्चिमा-विरोधी' समूहका रूपमा हेर्ने र चित्रण गर्ने गरिन्छ, जसलाई राजनीतिक धरातलमा 'ग्लोबल नर्थ' (विकसित राष्ट्रहरूको समूह) को ठिक विपरीत उभिएको मानिन्छ। विशेष गरी अन्तर्राष्ट्रिय व्यापारमा स्थानीय मुद्राको प्रयोग बढाउने ब्रिक्सको प्रयासले गर्दा यस्तो धारणा बनेको हो; यस कदमको संयुक्त राज्य अमेरिकाले कडा विरोध गर्दै आएको छ ।

ब्रिक्स राष्ट्रहरू आफैँले भने यो व्याख्यालाई चुनौती दिँदै आएका छन् । उनीहरूको तर्क छ कि यस्तो भाष्य ब्रिक्स सदस्यहरूले आफ्नो समूहलाई हेर्ने दृष्टिकोणभन्दा पनि मुख्यतया 'ग्लोबल नर्थ' को दृष्टिकोणबाट निर्माण गरिएको हो। साथै, दोस्रो विश्वयुद्धपछि स्थापित अन्तर्राष्ट्रिय शक्ति संरचनाप्रति ब्रिक्सले एक प्रकारको असन्तुष्टि व्यक्त गर्छ भन्ने कुरालाई पनि नकार्न सकिँदैन । यसले एउटा अझ आधारभूत प्रश्न खडा गर्छ: के 'ग्लोबल साउथ' र 'ग्लोबल नर्थ' लाई वास्तवमै दुई परस्पर विरोधी खेमाका रूपमा बुझ्नुपर्छ ? तिनका आर्थिक, राजनीतिक र सामाजिक हितहरू बढ्दो रूपमा एक अर्कासँग जोडिएका छन् र तिनलाई पूर्ण रूपमा अलग गर्न सकिँदैन ।

तसर्थ, सन् २०२६ को ब्रिक्स शिखर सम्मेलनका लागि अझ महत्त्वपूर्ण प्रश्न यो हो कि– के भारतले ब्रिक्सलाई 'ग्लोबल साउथ' भित्रको सहकार्य सुदृढ गर्ने दायराभन्दा माथि उठेर 'ग्लोबल साउथ' र 'ग्लोबल नर्थ' बीचको सेतु बन्न मद्दत गर्न सक्छ ? विश्व बैङ्कका अनुसार, सन् १९९० यता अन्तर्राष्ट्रिय व्यापारको विस्तारले विश्वव्यापी रूपमा आयमा २४ प्रतिशत र सबैभन्दा गरिब ४० प्रतिशत जनसङ्ख्याको आयमा ५० प्रतिशतले वृद्धि गरेको छ ।

# 'अक्षरा' मा मैले आम महिलाको प्रतिनिधित्व गर्छु: न्यान्सी खड्का

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ भदौ**



अभिनेत्री न्यान्सी खड्काले फिल्म 'अक्षरा'ले आफ्नो करियरमा थप उचाइ दिने बताएकी छन् । फिल्म महिला केन्द्रित विषयवस्तुमा रहेको उनको भनाइ छ । फिल्ममा आफूले एक विवश नारीको भूमिका निर्वाह गरेको उनी बताउँछिन् ।

'परिवारको दबाब र चाहना विपरीत विवाह गर्न बाध्य पारिएकी र धनी तर मनको खराब श्रीमान् पर्दा भोग्नुपर्ने पीडाको कथा फिल्मले भन्नेछ', खड्काले भनिन् 'नारीहरू सधैँ अन्याय र पीडा सहेर मात्र बस्दैनन् भन्ने बलियो सन्देश पनि यसले दिन्छ ।' फिल्म '१२ गाउँ'बाट अभिनयमा डेब्यु गरेकी उनको यो तेस्रो फिल्म हो । '१२ गाउँ'मा काम गर्दा धेरै कुरा सिक्न पाएको कारण अहिले अभिनय सजिलो भइरहेको उनको भनाइ छ । 'त्यो सिकाई मैले 'अक्षरा'मा आफ्नो अभिनयमार्फत पूर्ण रूपमा उतार्ने प्रयास गरेकी छु', उनले थपिन् 'फिल्म हेरेपछि धेरै फिल्मकर्मी तथा मेकरहरूले तारिफ गर्नेछन् ।' धेरैलाई लाग्न सक्न फिल्मको नाम 'अक्षरा' राखिएको छ । त्यसको पछाडि खास कारण हुनसक्छ । तर उनी सरस्वती पूजाको दिनमा नामाकरण गरिएको हुनाले फिल्मको नाम 'अक्षरा' राखिएको बताउँछिन् । 'अक्षरा' आम महिलाहरूको मात्र नभई घरघरको कथा बोल्ने प्रतिनिधिमूलक फिल्म भएको उनको दाबी छ। फिल्मले महिलाहरूको सोचाइमा समेत सकारात्मक परिवर्तन आउने उनको विश्वास हो। 'अक्षरा' आज शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा थियो । बाढीपीडितका कारण फिल्म सरेर आगामी मंसिर २४ मा पुगेको छ ।

# खरिहानीमा आजदेखि सन्तोषी पूजा मेला, भदौ २९ सम्म उत्सव

**परमेश्वर साह**
**धनुषा, २६ भदौ**

धनुषाको सबैला नगरपालिका-१०, खरिहानीमा आजदेखि सन्तोषी पूजा मेला उत्सव सुरु ।

धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको मेला भदौ २९ गतेसम्म सञ्चालन हुने मेला समितिले जनाएको छ ।

सन्तोषी माताको पूजा-आराधना तथा दर्शनका लागि विभिन्न स्थानबाट श्रद्धालु भक्तजन आउने अपेक्षा गरिएको छ। मेलाले स्थानीय धार्मिक तथा सांस्कृतिक वातावरणलाई थप उत्साहमय बनाउने आयोजकको विश्वास छ ।

मेलामा सहभागी भई उत्सवको शोभा बढाइदिनुहुन सम्पूर्ण श्रद्धालु भक्तजन तथा आम नागरिकलाई मेला समितिले हार्दिक निमन्त्रणा गरेको छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# BRICS सन्दर्भमे जनकपुरकेन्द्रित कार्यान्वयन योजना:

**- मुरली मनोहर मिश्र**

जनकपुरकेन्द्रित कार्यान्वयन योजना : BRICS अवसरकेँ स्थानीय अर्थव्यवस्थासँ जोड़बाक मार्ग: BRICSs बदलैत आर्थिक प्रभावक चर्चा यदि काठमांडूक कूटनीतिक बैठकमे मात्र सीमित रहि गेल तँ जनकपुर अथवा मिथिला लेल एकर अर्थ बहुत कम रहत । वास्तविक सफलता तखन मानल जाएत, जखन वैश्विक आर्थिक परिवर्तनकेँ जनकपुरक बजार, उद्योग, पर्यटन, युवा, किसान आ स्थानीय उद्यमीक आम्दानीसँ जोड़ि सकल जाए ।

जनकपुरधामकेँ एहि लेल "भारत-नेपाल-Global South Cultural and Economic Gateway" केर रूपमे विकसित करबाक दीर्घकालीन योजना बनबाक चाही ।

१. जनकपुर-अयोध्या-वाराणसी-पटना आर्थिक पर्यटन करिडोर,

जनकपुरक सभसँ स्वाभाविक अन्तर्राष्ट्रीय बजार भारत अछि । धार्मिक आ सांस्कृतिक सम्बन्धकेँ आधुनिक पर्यटन अर्थव्यवस्थासँ जोड़ी–
जनकपुर रु अयोध्या रु वाराणसी -पटना: एकटा संयुक्त Ramayana–Mithila Tourism Circuit केर रूपमे विकसित कएल जाए । एहि लेल नेपाल आ भारतक सम्बन्धित निकायसभबीच –
क) संयुक्त पर्यटन प्रचार,
ख) एकीकृत डिजिटल सूचना,
ग) सीमा-पार पर्यटक सुविधा,
घ) संयुक्त धार्मिक पर्यटन प्याकेज,
ङ) होटल तथा यातायात सहकार्य,
च) डिजिटल भुगतान जेकाँ व्यवस्था विकसित कएल जा सकैत अछि ।

**जनकपुरक लक्ष्य:**

पर्यटक केवल जानकी मन्दिर देखिकऽ वापस नैइ जाय । ओ जनकी मन्दिर रु धनुषसागर रु गंगासागर रु रामसागर रु जानकी फूलबारी रु मिथिला कला केन्द्र रु स्थानीय बजार धरि पहुँचय । अर्थात–तीर्थयात्रीकेँ स्थानीय अर्थव्यवस्थाक ग्राहक बनाउ ।

२. जानकी मन्दिरकेँ धार्मिक धरोहरसँ आर्थिक सम्पदामे बदलू
जानकी मन्दिर केवल धार्मिक आस्थाक केन्द्र नैइ, बल्कि जनकपुरक अन्तर्राष्ट्रीय cultural brand अछि । मन्दिर क्षेत्रक संरक्षण, सौन्दर्यीकरण आ heritage management केँ व्यावसायिक पर्यटन व्यवस्थासँ जोड़ल जाए । मन्दिर परिसर आसपास–
क) मैथिली भाषा संकेतक,
ख) डिजिटल heritage guide,
ग) multilingual audio guide,
घ) स्वच्छ सार्वजनिक सुविधा,
ङ) व्यवस्थित souvenir market,
च) मिथिला कला प्रदर्शनी,
छ) स्थानीय महिला उद्यमी लेल बिक्री केन्द्र विकसित कएल जाए । धरोहर बेचबाक वस्तु नहि; स्थानीय अर्थव्यवस्थाकेँ चलाबयवाला सम्पत्ति हो ।

३. जानकी फूलबारी आ पोखरीसभकेँ "Heritage Water Economy" सँ जोड़ू, जनकपुरक पोखरी, कुट्टी आ धार्मिक स्थल केवल सौन्दर्यक विषय नैइ अछि। गंगासागर, धनुषसागर, रामसागर, जानकी फूलबारी तथा अन्य ऐतिहासिक जलाशयसभकेँ Heritage–Tourism–Environment Model मे विकसित कएल जाए । प्रत्येक प्रमुख पोखरीक–

सर्वेक्षण रु सीमांकन रु अतिक्रमण नियन्त्रण रु संरक्षण रु सौन्दर्यीकरण रु पर्यटन उपयोग क स्पष्ट श्रृंखला बनाओल जाए ।

पोखरीक डिलपर अनियन्त्रित निर्माण नैइ, बल्कि स्थानीय कला, हरित क्षेत्र, पैदल मार्ग आ सांस्कृतिक कार्यक्रम लेल नियन्त्रित क्षेत्र विकसित कएल जाए ।

४. जनकपुर विमानस्थलकेँ मिथिला-भारत अन्तर्राष्ट्रीय प्रवेशद्वार बनाउ,

यदि जनकपुरकेँ नियदर्बाक्यगतज केर पर्यटन आ व्यापारिक केन्द्र बनाबय चाहैत छी तँ विमानस्थलक क्षमता बढ़ेनाइ अनिवार्य अछि । प्राथमिकतामे–
क) रातिक उडानक सम्भावना,
ख) आधुनिक terminal सुविधा,
ग) अन्तर्राष्ट्रिय स्तरक सुरक्षा,
घ) मैथिली-नेपाली-हिन्दी-अंग्रेजी signage,
ङ) cargo सुविधा,
च) पर्यटन सूचना केन्द्र,
छ) emergency medical सुविधा विकसित कएल जाए ।

दीर्घकालमे जनकपुरकेँ भारतक प्रमुख शहरसभसँ नियमित हवाई सम्पर्क देबाक रणनीति बनबाक चाही ।

५. मिथिला हस्तकला केँ BRICS बजारसँ जोड़ू,

मिथिला चित्रकला, हस्तकला, कपड़ा, माटिक कला आ स्थानीय उत्पादनकेँ केवल स्थानीय बजारमे बेचि कऽ जनकपुरक आर्थिक सम्भावना पूरा नैइ होयत। नगरमे Mithila Creative Economy Hub स्थापित कएल जाए । Pto–
क) कलाकारक registration,
ख) Design training,
ग) Digital marketing,
घ) Packaging,
ङ) E–commerce,
च) export certification,
छ) International exhibition एकहि प्रणालीमे उपलब्ध हो ।
लक्ष्य होय– "Mithila Art Made in Janakpur" केँ अन्तर्राष्ट्रीय brand बनाउ ।

६. जनकपुरक युवा लेल Global South Startup Hub,

BRICSs डिजिटल आ प्राविधिक अर्थव्यवस्थासँ जनकपुरक युवाकेँ जोड़बाक लेल Janakpur Innovation and Startup Hub स्थापना कएल जाए। युवासभकेँ–
क) Fintech,
ख) Tourism technology,
ग) Digital marketing,
घ) AI,
ङ) Translation,
च) E–commerce,
छ) Handicraft technology,
ज) Agriculture technology जेकाँ क्षेत्रमा training देल जाए ।

जनकपुरक मैथिली, हिन्दी, नेपाली आ अंग्रेजी भाषिक क्षमता स्वयं एकटा आर्थिक सम्पत्ति बनि सकैत अछि ।

७. मिथिला कृषि-प्रसंस्करण केन्द्र,

BRICSs विशाल बजारक अर्थ केवल software नैइ अछि । जनकपुरक चारू दिसक कृषि क्षेत्रकेँ सेहो एहि अर्थव्यवस्थासँ जोड़ल जा सकैत अछि । जनकपुरमे Mithila Agro–Processing Zone विकसित कएल जाए। स्थानीय उत्पादन जेनाकि–
-मखाना, -माछ, -दूध, -फलफूल, -तरकारी, -अन्न, -मसाला, -अचार तथा पारम्परिक खाद्य,
केँ processing, packaging आ branding कऽ भारतीय तथा अन्य अन्तर्राष्ट्रीय बजारमे पठेबाक व्यवस्था होय । किसानकेँ कच्चा उत्पादन बेचबाक बदला value–added product बेचबाक अवसर भेटत ।

८. जनकपुर-जयनगर रेलकेँ केवल यात्री सेवा नैइ, आर्थिक करिडोर बनाउ,

जनकपुर-जयनगर रेल सम्पर्ककेँ धार्मिक पर्यटनक अतिरिक्त– व्यापार + पर्यटन + श्रम + शिक्षा + स्वास्थ्य + यिgistics कनेक्टिभिटीमे बदलल जाए । रेल स्टेशन आसपास व्यवस्थित–
क) Tourist information,
ख) Local product market,
ग) Logistics centre,
घ) Cold storage,
ङ) Warehouse विकसित कएल जा सकैत अछि ।

एहि मॉडलसँ जनकपुर सीमावर्ती बजार नैइ, cross–border economic node बनि सकैत अछि ।

९. जनकपुरमे भारतक डिजिटल भुगतानक पूर्ण उपयोग,

भारतसँ आबयवाला पर्यटककेँ जनकपुरमे भुगतानक समस्या नैइ होबाक चाही । होटल, रेस्टुरेन्ट, ट्याक्सी, पूजा सामग्री, हस्तकला, टिकट, स्थानीय बजार ओहि सभठाम सुरक्षित digital payment सुविधा विस्तार कएल जाए । संगहि नेपाली व्यवसायीकेँ सीमा-पार डिजिटल कारोबारक नियम, कर, settlement आ consumer protection बारे प्रशिक्षण देल जाए । डिजिटल भुगतान = पर्यटकक सुविधा + स्थानीय व्यापारक औपचारिकीकरण + कर आधार विस्तार ।

१०. "एक पोखरी-एक पर्यटन योजना" जनकपुरक प्रत्येक ऐतिहासिक पोखरी लेल अलग-cnu micro tourism plan बनाओल जाए । उदाहरण–

पोखरी संरक्षण + walking path + lighting + मिथिला कला + स्थानीय खाद्य + cultural performance एकटा समग्र model बनि सकैत अछि । मुदा एहि विकासमे जलाशयक मूल स्वरूप, धार्मिक महत्व आ सार्वजनिक स्वामित्व सुरक्षित रहबाक चाही । व्यावसायीकरण नहि–व्यवस्थित आर्थिक उपयोग । ११. जनकपुरक सीमा बजारकेँ







औपचारिक व्यापारमे बदलू,

जनकपुर-जयनगर क्षेत्रमे सीमा-पार छोट व्यापारक विशाल सम्भावना अछि। नगरपालिकाकेँ संघीय सरकारसँ समन्वय कऽ–
क) व्यवस्थित Border market,
ख) Customs facilitation,
ग) Warehousing,
घ) Cold chain,
ङ) स्थानीय उत्पादन Certification,
च) महिला तथा युवा उद्यमी लेल विशेष स्थान जेकाँ व्यवस्था लेल पहल करबाक चाही ।

अवैध तस्करी घटेबाक सर्वोत्तम उपाय केवल सुरक्षा बल बढ़ेनाइ नैइ, बल्कि कानूनी व्यापारकेँ सरल, सस्तो आ आकर्षक बनायब सेहो अछि ।

१२. जनकपुरक "BRICS Desk" स्थापना,

जनकपुर उपमहानगरपालिकामे छोट मुदा प्रभावकारी International Investment and BRICS Cooperation Desk स्थापित कएल जा सकैत अछि । एकर काज होय–
क) BRICS देशसभक लगानी अवसर खोजब,
ख) स्थानीय परियोजना तैयार करब,
ग) विदेशी लगानीकर्ताकेँ जानकारी देब,
घ) पर्यटन साझेदारी खोजब,
ङ) स्थानीय उद्यमीकेँ अन्तर्राष्ट्रीय बजारसँ जोड़ब,
च) संघीय सरकारकेँ परियोजना प्रस्ताव पठायब । अर्थात् जनकपुरकेँ लगानी लेल "waiting city" नैइ, "project–ready city" बनाबय पड़त ।

१३. जनकपुर लेल ५ प्रमुख बिन-ship Project,
सभ योजना एकसाथ शुरू करबाक बदला पहिने पाँचटा देखाइ पड़यवाला परियोजना चुनल जाए ।
- पहिल : Mithila Heritage & Tourism Corridor,
जानकी मन्दिरसँ ऐतिहासिक पोखरी आ सांस्कृतिक स्थल धरि ।
- दोसर : Mithila Creative Economy Hub, मिथिला चित्रकला, हस्तकला आ स्थानीय उद्यम । ८ तेसर : Mithila Agro–Processing Zone
कृषि उत्पादनकेँ value–added export product मे बदलनाइ ।
- चारिम : Janakpur Digital Payment & Tourism Zone
सीमा-पार पर्यटक लेल cashless economy. - पाँचम : Janakpur International Connectivity Project विमानस्थल, रेल, सडक आ सीमा व्यापारकेँ एकीकृत करब ।

१४. जनकपुरक लेल मापन योग्य लक्ष्य, -नीति सफल भेल कि नैइ, एकर उत्तर भाषणसँ नैइ, आँकड़ासँ भेटबाक चाही । २०३० धरि लक्ष्य निर्धारित कएल जा सकैत अछि–
-क्षेत्र -लक्ष्य -धार्मिक पर्यटन -पर्यटक संख्या आ औसत बसाइ उल्लेखनीय रूपसँ बढ़त, -मिथिला कला अन्तर्राष्ट्रीय बिक्रीक हिस्सा बढ़त, -कृषि उचय cessed product केर निर्यात बढ़त, -युवा के स्थानीय digital/startup रोजगार सृजन, -डिजिटल भुगतान, प्रमुख पर्यटन बजारमे व्यापक अबकजभिकक सुविधा -जलाशय, प्रमुख ऐतिहासिक पोखरी अतिक्रमणमुक्त एवं संरक्षित, -विमानस्थल, नियमित अन्तर्राष्ट्रिय /क्षेत्रीय अयललभअतष्खष्तथ लेल पूर्वाधार सुधार-सीमा व्यापार, ८ कानूनी व्यापारक लागत आ समय घटत, -सबसे महत्वपूर्ण : जनकपुरकेँ परियोजना चाही, नारा नैइ । BRICSs चर्चा जनकपुरक लेल तखन सार्थक होयत जखन–
क) एकटा किसानक उत्पादनक बजार बढ़त, ख) एकटा कलाकारक चित्र विदेशमे बिकत, ग) एकटा युवाकेँ स्थानीय रोजगार भेटत, घ) एकटा होटलमे विदेशी पर्यटक ठहरत, ङ) एकटा पोखरी बचत, च) एकटा व्यापारिक मार्ग विकसित होयत, च) आ जनकपुर विमानस्थलसँ विश्वक दिशामे यात्रा सहज होयत । एहि लेल संघीय सरकार, मधेश प्रदेश सरकार आ जनकपुर उपमहानगरपालिकाबीच "Janakpur Global Gateway Mission-२०३०" नामसँ संयुक्त कार्ययोजना बनाओल जा सकैत अछि । एकर मूल मन्त्र होय– क) "विश्वक बदलैत अर्थव्यवस्थाकेँ जनकपुरक स्थानीय अर्थव्यवस्थासँ जोड़ू ।" ख) BRICS हमर लक्ष्य नहि अछि । BRICS;F प्राप्त अवसरकेँ जनकपुरक समृद्धिमे बदलनाइ हमर लक्ष्य होबाक चाही । ग) आ जनकपुरक समृद्धि केवल जनकपुरक प्रश्न नैइ अछि– यी सम्पूर्ण मिथिला आ मधेशक आर्थिक पुनर्जागरणक आधार बनि सकैत अछि । घ) BRICSs भूमिका स्पष्ट कऽ प्रस्ताव मजबूत करू, ङ) कार्यान्वयनक जिम्मेवारी आ समयसीमा जोड़ू, १४ बुँदाकेँ पाँच प्राथमिकतामे संक्षिप्त करू ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम भिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**धनौजी गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday